

# ईश्वरी कन्या छात्रावास

चन्द्रकान्त आचार्य

कीर्तिपुरको त्रिविवि गेटबाट
माथि निस्कँदा,
मैले देखेँ
ईश्वरी कन्या छात्रावास,
करिब तीन दशकपहिले
तिम्रो आँगनबाट
तिम्री यौटी छोरीलाई लिएर जाँदा
मेरो छाती हिमालजस्तै चौडा भएको थियो
र शिरले आफ्नै सगरमाथासँग
प्रतिस्पर्धा गर्न खोजेको थियो !
यति धेरै वर्षपछि
मैले तिमीलाई फेरि देखेँ,
तिमी त त्यस्तै रहेछौ !
मेरी प्रियतमासँग पहिलोचोटि हिँडेको
छात्रावासदेखि तलसम्मको त्यो माटो
त्यस्तै रहेको र
त्यो गेट, त्यो भवन
सबै पुरानै अवस्थामा रहेकोमा
म त खुसी नै भएँ,
तर के तिमी पनि खुसी नै छौ ?
म त तिम्री यौटी छोरी भए पुग्ने मान्छे
उनलाई लगेपछि तिमीलाई त्यस्तै रहेकी देख्न चाहेँ,
तर, तिमी आमा हौ
आमालाई यौटी छोरीमात्र खुसी भएर पुग्दैन
त्यसो त तिम्रा अरू धेरै छोरीहरूले पनि
शहर बजारमा महल खडा गरिसके होलान्
र कति त विदेशतिर पनि पुगे हुनन्
तर, गाउँतिर कोही बसेजस्तो छैन,
बरु जंगलतिर पो पसे कि ?
त्यसैले तिमी दुःखी भएर

आँखामा आँसु टल्बलाएरजस्तो मैले देखेँ,
त्यसैले आमा, तिमी आफ्ना सन्ततीहरूलाई
आशीर्वाद देउ
व्यक्तिगत महलहरू बनाउनुभन्दा
तिमीलाई सजाउन सक्ने सद्बुद्धि उनीहरूमा आओस्,
तिम्रा आँचलमा सबै सन्ततीहरू अटाउन सकून्
र कसैलाई जंगलमा भट्किन नपरोस्,
त्यतिबेला
तिम्रो यात्रा गर्ने कुनै प्रेमीले
देशका छोरीहरूलाई लडाकु पोसाकमा जंगलमा होइन कि
छात्राको परिवेशमा तिम्रो आँगनमा भेट्नेछ,
अनिमात्र
तिम्रो आँखाको आँसु पुछिनेछ र
नेपाली मात्रको शिर ठाडो हुनेछ ।